# ढकारी गाउँपालिका

# स्थानीय तहको आर्थिक ऐन,२०७८

**ढकारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

ढकारी अछाम सुदुरपश्चिम प्रदेश नेपाल

# स्थानीय तहको आर्थिक ऐन-२०७८

## ढकारीगाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

ढकारीगाउँपालिकाको आर्थिक वर्ष२०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ढकारी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि ढकारी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :**गाउँपालिका क्षेत्रभित्र **अनुसुची १** वमोजिम एकीकृत/सम्पत्तीकर/घरजग्गा कर लगाइने र असुलउपर गरिनेछ ।

३. **भूमी कर (मालपोत ):** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गको उपभोगका आधारमा अनुसुची २ वमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घरजग्गा वहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

८. **विज्ञापन करः**गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

९. **मनोरन्जन करः**गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

१०. **बहाल बिटौरी शुल्कः**गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गा मा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१‍१. **पार्किङ शुल्कः**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफटिङ्ग शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः**गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनप्रवेश शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वयिक सम्पदा उपयोग गरे बापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुट/तथा जरिवानाः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची १४ बमोजिम कर छुट दिईने छ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि -१

दफा २ सँग सम्बन्धित

**एकीकृत सम्पत्ति कर**

| क्र.सं | आ.ब. | मूल्य देखि | मूल्य सम्म | कर रू | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 2078/2079 | 1 रुपैया | 5 लाख | **50.0000** | **एकमुष्ट** |
| 2 | 2078/2079 | 5 लाख 1 रुपैया | 20 लाख | **10.0000** | **प्रति लाख** |
| 3 | 2078/2079 | 20 लाख 1 रुपैया | 50 लाख | **20.0000** | **प्रतिलाख** |
| 4 | 2078/2079 | 50 लाख 1 रुपैया | 1 करोड | **25.0000** | **प्रतिलाख** |
| 5 | 2078/2079 | 1 करोड 1 रुपैया | 2 करोड | **30.0000** | **प्रतिलाख** |
| 6 | 2078/2079 | 2 करोड 1 रुपैया | 5 करोड | **35.0000** | **प्रतिलाख** |
| 7 | 2078/2079 | 5 करोड 1 रुपैया | 99 अरब 99 करोड 99 लाख 99 हजार 9 सय 99 रुपैया | **40.0000** | **प्रतिलाख** |

## अनुसूचि -२

दफा ३ सँग सम्बन्धित

**भूमि/ मालपोत कर**

| सि.नं | विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | कैफियत |
|---|---|---|---|---|---|
| १ | मालपोत कर प्रतिरोपनी | ७ | ७ | ७ | सम्पती कर उठाइएकोले मालपोत नउठाउने। तर सम्पति कर लागु हुनु भन्दा अगाडिको बक्यौता भए हाल कायम भएको दररेट लगाउने । |

## अनुसुचि -३
दफा ४ सँग सम्बन्धित
## घर जग्गा वहाल कर

| सि.नं | विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर वहाल कर (आम्दानीको) | १० प्रतिशत | १० प्रतिशत | १० प्रतिशत | |

## अनुसुचि -४
दफा ५ सँग सम्बन्धित
## व्यवसायिक कर वार्षिक

| सि.नं. | विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | कैफियत |
|---|---|---|---|---|---|
| १. | चिया नास्ता साना किराना सामान्य कष्मेटिक पसल | १००० | १००० | १००० | |
| २. | रेष्टुरेण्ट लजएण्ड होटल | ५००० | ५००० | ५००० | |
| ३. | मासु पसल | १५०० | २००० | २००० | |
| ४. | मदिरा डिलर | ५००० | ८००० | ८००० | |
| ५. | मदिरा खुद्रा | २५०० | ३५०० | ३५०० | |
| ६. | किराना पसल खुद्रा | १००० | १००० | १००० | |
| ७. | किराना पसल थोक | ३००० | ३००० | ३००० | |
| ८. | तयारी पोशाकपसल | १५०० | २००० | २००० | |
| ९. | काचो कपडा पसल | १५०० | २००० | २००० | |
| १०. | तयारी पोशाक/काचो कपडा पसल/फेन्सी पसल | २५०० | ३००० | ३००० | |
| ११. | स्टेशनरी तथाखेलकूद सामग्री पसल | २००० | २५०० | २५०० | |
| १२. | ब्यूटीपार्लर | १००० | १००० | १००० | |
| १३. | हेयर कटिङ्गसेण्टर | १००० | १००० | १००० | |
| १४. | भाडा पसल | २००० | २५०० | २५०० | |
| १५. | हार्ड वेयर पसल | ३००० | ५००० | ५००० | |
| १६. | मोटरसाइकल वर्कसप | २००० | २००० | २००० | |
| १७. | गाडी जीपट्रयाक्टर सुचिकृत | १००० | १५०० | १५०० | गाउँपालिका भित्र नयमित रुपमा चलाउन सुचिकृत गर्नु पर्ने |
| १८. | सामान्य औषधीपसल | २००० | २००० | २००० | |
| १९. | ल्याव एक्सरेसहितको मेडिकल | ३००० | ३००० | ३००० | |
| २०. | सुनचाँदी पसलसानो (१ लाख भन्दा कम पुँजी भएको) | २५०० | २५०० | २५०० | |
| २१. | सुनचाँदी पसल ठूलो (१ लाख भन्दा बढी पुँजी भएको) | ३००० | ३५०० | ३५०० | |
| २२. | गल्ला खरिद पसल | १००० | १००० | १००० | |
| २३. | सिलाइ सेण्टर | ७०० | ७०० | ७०० | |
| २४. | निर्माणव्यवसायिक कर क वर्ग | ३०००० | ३०००० | ३०००० | सुचिकृत नभएकोलाइ काम गर्न रोक लगाइने छ । यो रकम वार्षीक रुपमा सुचिकृत गरेबाफत हो । |
| २५. | निर्माणव्यवसायिक कर ख वर्ग | २५००० | २५००० | २५००० | |
| २६. | निर्माणव्यवसायिक कर ग वर्ग | २०००० | २०००० | २०००० | |
| २७. | निर्माणव्यवसायिक कर घ वर्ग | ५००० | १०००० | १०००० | |
| २८. | फर्निचरउद्योग/व्यवसाय भ्याट दर्ता | ८००० | १०००० | १०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | फर्निचरउद्योग/व्यवसाय PAN नम्बर भएको सामान्य | - | ५००० | ५००० | |
| ३०. | चिरानी हाते आराले | - | १५०० | १५०० | वडा सिफाईरिस निर्णयको फोटोकपी |
| ३१. | मेसिन चिरानी | - | ३००० | ५००० | |
| ३२. | खाद्य उद्योगपाउरोटी, चाउमिन चाउँचाउँ | १५०० | १५०० | १५०० | |
| ३३. | लघु जलविद्युतप्रतिकिलो वाट | २२५ | ३०० | ३०० | |
| ३४. | कुटानी पिसानीपेलानी मिल | २००० | २००० | २००० | |
| ३५. | क्रसरउद्योग | २५००० | ३०००० | ३०००० | |
| ३६. | अन्यउद्योग | १५००० | १५००० | १५००० | |
| ३७. | ट्याक्टर पटके | - | १००० | १००० | |
| ३८. | इट्टा टायलउद्योग | ७००० | ७००० | ७००० | |
| ३९. | माछा मार्नेअनुमती खोला | १०० | १०० | १०० | |
| ४०. | माछा मार्नेअनुमती नदी | १००० | १००० | १००० | |
| ४१. | गिट्टी वालुवाप्रति ट्राली | १००० | १०५० | ११०० | |
| ४२. | सिलेट पत्थरनिकासी प्रति गोटा | २ | २ | २ | |
| ४३. | ढुँगा निकासीअनुमती पत्र | ५०० | ५०० | ५०० | |
| ४४. | गैर सरकारीसंस्था दर्ता सिफारिस | ३००० | ३००० | ३००० | |
| ४५. | अन्तराष्ट्रियगैर सरकारी संस्था दर्ता सिफारिस | ७००० | ७००० | ७००० | |
| ४६. | क्लव,आमा समूह बाल समूह,नविकरण | २०० | २०० | २०० | |
| ४७. | विद्युत जडानकालागि सिफारिस | ३०० | ३०० | ३०० | |
| ४८. | रोहवरमा वसी कामकाज गरेको न्युनतम(मुचुल्का) | ३०० | ३०० | ३०० | |
| ४९. | पशु व्यवसायफर्म दर्ता | ५०० | ५०० | ५०० | |
| ५०. | पशु व्यवसायप्रतिगोटा | ५ | ५० | ५० | |
| ५१. | खसि बोका निकासि बार्षिक | - | १०००० | १०००० | |
| ५२. | भैंसि राँगा ५० वटा सम्म निकासि बार्षिक | - | २५००० | २५००० | |
| ५३. | भैंसि राँगा ५० भन्दा माथि | - | प्रति भैसि राँगा थप २५० | प्रति भैसि राँगा थप २५० | |
| ५४. | टेलिफोन नेटवर्कटावर अनुमति/ सिफारिस | ८००० | ८००० | ८००० | |
| ५५. | बोडिङ्ग स्कूलअनुमति/ सिफारिस | १०००० | १०००० | १०००० | |
| ५६. | वोडिङ्ग स्कूलकक्षा वृद्दिसिफारिस | ५००० | ५००० | ५००० | |
| ५७. | बोडिङ्ग स्कूलठाउँसारी सिफारिस | २५०० | २५०० | २५०० | |
| ५८. | बोडिङ्ग स्कूलआधारभूत अनुमति | ५००० | ५००० | ५००० | |
| ५९. | बोडिङ्ग स्कूलमाध्यमिक तह अनुमति | १०००० | १०००० | १०००० | |
| ६०. | ट्युसन सेन्टर | - | ५००० | ५००० | |
| ६१. | लघुवित्त कम्पनी दर्ता अनुमती | ५००० | ५००० | ५००० | |
| ६२. | सहकारीसंस्थादर्ता अनुमती | ५०० | ५०० | ५०० | |
| ६३. | बैंक तथावित्तीय संस्था क बर्ग दर्ता अनमती | १५००० | १५००० | १५००० | |
| ६४. | बैंक तथावित्तीय संस्था ख बर्ग | १०००० | १०००० | १०००० | |
| ६५. | बैंक तथावित्तीय संस्था ग बर्ग | ७००० | ८००० | ८००० | |
| ६६. | बैंक तथावित्तीय संस्था घ बर्ग | ५००० | ८००० | ८००० | |
| ६७. | घरजग्गा कारोवार प्रति आना सिफारिस | १०० | १०० | १०० | |
| ६८. | पेट्रोल डिजेल ड्रममा विक्री गर्ने अनुमती/ सिफारिस | १००० | १५०० | १५०० | |
| ६९. | मोवाइल पसल (मर्मत, विक्रि) | १५०० | १५०० | १५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७०. | घडी रेडियो पसल (मर्मत, विक्रि) | १५०० | १५०० | १५०० | |
| ७१. | विद्युतीय सामान विक्री पसल (इलेक्ट्रोनिक्स) | २००० | २००० | २००० | |
| ७२. | कम्प्युटर इन्सिच्युट, फोटोकपी, फोटो, प्रिन्ट आदि | ५००० | ५००० | ५००० | (डेस्कटप,ल्यापटप जस्ता विद्युतिय उपकरण द्वारा सेवा प्रवाह गर्ने सवै ) |
| ७३. | हार्डवेयर/सप्लायर्स पसल | ७००० | ७००० | ७००० | |
| ७४. | अपसेट प्रेस ,मुद्रण | ५००० | ५००० | ५००० | |
| ७५. | स:मिल काठचिरानी | - | ४५०० | ४५०० | |
| ७६. | **विशेष परामर्शतथा अन्य व्यवसायिक सेवा** | | | | |
| ७७. | चिकित्सक | १५०० | १५०० | १५०० | |
| ७८. | कविराज बैद्य | १५०० | १५०० | १५०० | |
| ७९. | इन्जिनियर | १५०० | १५०० | १५०० | |
| ८०. | कानुनव्यवसायि | १५०० | १५०० | १५०० | |
| ८१. | लेखा परीक्षक | १५०० | १५०० | २००० | |
| ८२. | दन्तचिकीत्सक | १५०० | १५०० | १५०० | |
| ८३. | अनुसन्धानकर्ता र परामर्श दाता | १००० | १००० | १००० | |
| ८४. | पशुचिकित्सक | १००० | १००० | १००० | |
| ८५. | विमाएजेण्ट | १००० | १००० | १००० | |
| ८६. | घर नक्साडिजाइन गर्ने कन्सलटेन्सी | ५००० | ५००० | ५००० | |
| ८७. | फोटोग्राफी/भिडियो रेकडर | २००० | २००० | २००० | |
| ८८. | एफएम रेडियोसटेशन क्षमताको आधारमा | २०००-२५०० | २०००-५००० | २०००-५००० | |
| ८९. | **सवारी साधनप्रवेश शुल्क(पट्के)** | | | | |
| ९०. | बस | १०० | १०० | १०० | |
| ९१. | टिप्पर/ट्रक | ७० | १०० | १०० | |
| ९२. | ट्र्याक्टर | ६० | १०० | १०० | |
| ९३. | जीप | ५० | ५० | ५० | |
| ९४. | कुखुरापालन५०० सम्मव्यवसाय दर्ता | ५०० | ५०० | ५०० | व्यवस्थापनका लागि निर्णय गर्नुपर्ने |
| ९५. | कुखुरापालन५०१-१००० सम्म | १००० | १००० | १००० | |
| ९६. | बाख्रापालनव्यवसाय दर्ता भएका ५० सम्म | १००० | १००० | १००० | |
| ९७. | बाख्रापालनव्यवसाय दर्ता भएका ५० देखि माथि | १५०० | १५०० | १५०० | |
| ९८. | तरकारी पसल दर्ता | ५०० | ५०० | ५०० | |
| ९९. | रिटेल पसल ट्याक्टर/जीप बाट बेच्ने) | ५००० | ५००० | ५००० | |
| १००. | डोको बजार कपडा | ३००० | ३००० | ३००० | |
| १०१. | डोको बजारभाँडा | - | ३००० | ३००० | |
| १०२. | सिरक डसना बनाउने | - | २००० | २००० | |
| १०३. | कृषी फर्म | - | - | ५०० | |
| १०४. | विभिन्न प्रकारका जडिबुटिको कारोबार गर्ने | - | - | १००० | |

माथि उल्लेखित व्यावसाय बाहेकका विभिन्न सप्लायर्स तथा निर्माण सेवाको नाममा दर्ता भइ सकेका वा नयाँ दर्ता हुने कम्तिमा पाँचवटा सम्म कारोबार गर्ने व्यवसायको हकमा एकमुष्ट १५०००/- र पाँच भन्दा बढी प्रकारको कारोबार गर्ने व्यवसायको हकमा एकमुष्ट २००००/- दर्ता शुल्क बाफत लिने र वार्षिक नविकरण गर्दा दर्ता शुल्कको ५०% रकम लिइ नविकरण गर्ने ।

## अनुसूची ५

दफा ६ सँग सम्बन्धित

**जडिबुटी, कवाडी जिवजन्तु कर**

ऊन, जडिबुटी, वनकस, कवाडी माल, जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाख, छाला, जस्ता वस्तुको व्यवसाय कारोबार गरे वापत प्रति एकाई प्रति पटक रु.२०।- जडिबुटी, र जिवजन्तु कर लाग्ने । कवाडी मालसामानको हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

क) कागज जन्य सामानको लागि प्रति किलोग्राम रु.२।-

ख) फलामजन्य सामानको लागि प्रति किलोग्राम रु.२।-

ग) स्टीलजन्य सामानको लागि प्रति किलोग्राम रु. २।-

घ) खाली बोतल, शिशि तथा अन्यका हकमा प्रति प्रति गाडि रु.१००

**जडिबुटिको हकमा देहाय बमोजिम हुनेछ ।**

| क्र.स. | जडिबुटी | यस गामा.पा. उत्पादन हुने प्रतिकेजी | वाहिर बाट निकासीको लागि आउने प्रतिकेजी | कैफियत |
|---|---|---|---|---|
| १. | कटुकी प्रति केजी | 15 | 2 | |
| २. | अतिस | 20 | 2 | |
| ३. | जटामसि | 10 | 2 | |
| ४. | चिराइतो | 20 | 2 | |
| ५. | कालादाना | 10 | 2 | |
| ६. | भूतकेश | 5 | 2 | |
| ७. | गुच्ची च्याउ | 500 | 20 | |
| ८. | सिलाजित | 10 | 2 | |
| ९. | काँकडशिलो | 10 | 2 | |
| १०. | भोजपत्र | 5 | 2 | |
| ११. | सुगन्धवाल | 5 | 2 | |
| १२. | सुनपाते | 5 | 2 | |
| १३. | विषजरा | 10 | 2 | |
| १४. | पोडे | 20 | 2 | |
| १५. | यार्सागुम्वा | 0 | 50 | |
| १६. | पदमचाल | 5 | 2 | |
| १७. | पाँच औले | 25 | 5 | |
| १८. | घोडामर्चा | 5 | 2 | |
| १९. | सतुवा | 50 | 2 | |
| २०. | डालेचुक | 10 | 2 | |
| २१. | धुपजडी | 10 | 2 | |
| २२. | लौठसल्ला | 10 | 2 | |

| | | | | |
|---|---|---|---|---|
| २३. | रातो च्याउ | 20 | 2 | |
| २४. | काठकोफुरु प्रति गोटा | 10 | 2 | |
| २५. | धुपीसल्ला | 2 | 2 | |
| २६. | टिमुर | 10 | 2 | |

## अनुसूची ६

दफा ७ सँग सम्बन्धित

## सवारी कर

**बार्षिक सवारी कर निम्नानुसार हुने :**

क) ईन्जिनबाट चल्ने जुन सुकै दुई पाङग्रे मोटरसाईकल, स्कुटर वा यस्तै सवारी साधनको बार्षिक रु. एक सय

ख) कार, जीप, भ्यान, टेम्पु, ट्याक्टर वा यस्ते चार पाङग्रे सवारी साधनको बार्षिक रु.एक हजार,

घ) मिनी बस, मिनी ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको लागि बार्षिक रु दुई हजार,

ङ) ठूला बस, ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको बार्षिक रु.दुई हजार,

च) हेभी गाडी, डोजर, क्रेन वा यस्तै सवारी साधन सानोको बार्षिक रु. दुई हजार ठूलोको दुई हजार पाच सय

**छ) बाहिर बाटआई यस गाउँपालिकामा काम गर्ने जे.सि.बि/डोजर पट्के सानो रु.५०० ठुलो रु.१०००**

ज) अन्य सवारी साधनको बार्षिक रु.पाँच सय, विद्यूतीय उर्जाबाट र कृषि कार्यमा संचालन हुने सवारी साधनको हकमा उक्तमा तोकिएको दरको ५०% छुट हुने ।

## अनुसूची ७

दफा ८ सँग सम्बन्धित

## विज्ञापन कर

**क) विज्ञापन कर निम्नानुसार हुने :**

१) भवनको झ्याल, ढोका छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाईने छैन ।

२) सार्वजनिक बाटो, सँधियारको सिमाना, सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाईने छैन ।

३) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएको जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनकुनै तस्विर वा अक्षरको विज्ञापन कर छुट नहुने ।

४) भवन, जमीन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनकुनै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट नहुने ।

५) सूर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा ढकारी गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाईने छैन ।

**ख) विज्ञापनको करको दर :**

१) होडिङ्ग बोर्ड १० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु.२०।

२) होडिङ्ग बोर्ड २० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु.३०।-

३) भित्तेलेखन प्रति स्क्वायर फिट रु.१५।-

४) विद्यूत वा टेलिफोनका पोलमा राखिएका प्रति बोर्डमा रु.२५०।

५) फ्लेक्सबाट तयार गरिएको ब्यानरमा १० स्क्वायर फिट सम्मलाई रु.४००।सो भन्दा माथीको लागि रु.६००। ६) अस्थायी रुपमा पोलमा लगाइएका ब्यानर प्रति दिन रु.१०।-

७) अस्थायी रुपमा सडक वारपार गरी लगाइएका ब्यानर प्रतिदिन रु.२०।- यस्तो ब्यानर बढीमा पन्ध्र दिनका लागि मात्र लगाउन पाईनेछ त्यसपछि उक्त ब्यानर सम्बन्धित संस्था वा व्यक्ति उठाई लैजानु पर्नेछ ।

८) मालवाहक सवारी साधनको दायाँवायाँ पट्टीको भागमा अधिकतम् दश स्क्वायर फुट सम्मको लागि प्रतिदिन रु.५०।- र अस्थायी रुपमा लेखिएको वा छापिएको पर्चा सामाग्रीको लागि प्रति वर्ष प्रति वर्ग फुट रु.२५।- ।
९) खेलकुद मैदान, मेला, जात्रा पर्व र यस्तै प्रकृतीका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम् बिस स्क्वायर फुट सम्मको प्रति दिन रु.५०।-
१०) अन्यको हकमा प्रति वर्ग फुट प्रति बर्ष रु.१००।-

## अनुसूची ८

दफा ९ सँग सम्बन्धित

**मनोरन्जन कर**

१ . मेला जात्रा तथा महोत्सव शुल्क रु . १०००/- (आयोजकले तिर्ने )
२ . तीन महिना भन्दा वढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायिक कार्यक्रम सञ्चालन गरे वापत मासिक रु.१५००-/

## अनुसूची ९

दफा १० सँग सम्बन्धित

**बहाल विटौरी शुल्क**

| | |
|---|---|
| **१. बहाल विटौरी शुल्क** | **टहरो छाप्रोको मासिक-५०/-** |
| | **घुन्तिको मासिक-५०/-** |
| | **ठेला मासिक-५०/-** |
| | **हाटबजार वार्षिक ठेक्का-** |

## अनुसूची १०

दफा ११ सँग सम्बन्धित

**पाकिङ्ग शुल्क**

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी कुनै पनि सडकको कुल चौडाईको पच्चीस प्रतिशत भन्दा बढी भाग नओगटीने गरी भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा नीजि क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्था गर्न सकिने ।
यस सम्बन्धि पार्किङ्ग शुल्क लिने व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| १ | बस, ट्रक, टयाक्टर प्रति दिन | १०० | |

## अनुसूची ११

दफा १२ सँग सम्बन्धित

**ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पीङ्ग, जिपफ्यार र ऱ्याफ्टीङ्ग शुल्क**

यस सम्बन्धि व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची १२

दफा १३ सँग सम्बन्धित

## सेवाशुल्क दस्तुर

**ढकारी गाउँपालिका कार्यालय, अछाम**

| सि.नं. | विवरण | आ.व. २०७६/०७ | आ.व. २०७७/७८ | चालू आ.व. २०७८/७९ | कैफियत |
|---|---|---|---|---|---|
| १. | निवेदन दस्तूर | रु१० . टिकट | रु१० . टिकट | रु१० . टिकट | |
| २. | **शिफारिस दस्तुर** | | | | |
| ३. | अग्रेजीमा गरिने सबै शिफारिस | २०० | २०० | २०० | |
| ४. | **नेपालीमा गरिने निम्नानुसारका शिफारिसहरुको दस्तूर** | | | | |
| ५. | नागरिकता शिफारिस | ५० | १०० | १०० | |
| ६. | नागरिकता प्रतिलिपि शिफारिस | १०० | १०० | १०० | |
| ७. | नाता प्रमाणित | १०० | १०० | १०० | |
| ८. | नाता कायम | १०० | १०० | १०० | |
| ९. | पारिवारिक विवरण | १०० | १०० | १०० | |
| १०. | बसोवास प्रमाणित | १०० | १०० | १०० | |
| ११. | नाबालक शिफारिस | १०० | १०० | १०० | |
| १२. | जन्म मिति प्रमाणित | १०० | १०० | १०० | |
| १३. | वैवाहिक सम्बन्ध प्रमाणित | १०० | १०० | १०० | |
| १४. | अविवाहित प्रमाणित | १०० | १०० | १०० | |
| १५. | व्यक्तिगत प्रमाणित | १०० | १०० | १०० | |
| १६. | चारित्रिक प्रमाणित | १०० | १०० | १०० | |
| १७. | सम्बन्ध विच्छेद प्रमाणित | १०० | १०० | १०० | |
| १८. | कक्षा ८ ग्रेडसिट प्रतिलिपि | १०० | १०० | १०० | |
| १९. | खानेपानी ,विद्यूत मिटर, टेलिफोन जडान, नामसारी ठाउं सारी (आवासिय) सिफारिस | १०० | १०० | १०० | |
| २०. | खानेपानी ,विद्यूत मिटर, टेलिफोन जडान, नामसारी ठाउ सारी (व्यवसायिक) सिफारिस | २०० | २०० | २०० | |
| २१. | प्रति रुख कटान शिफारिस | २५० | २५० | २५० | |
| २२. | घरेलु तथा साना उद्योगको सरजमिन तथा शिफारिस | ५०० | ५०० | ५०० | |
| २३. | मझौला उद्योगको शिफारिस | २५०० | २५०० | २५०० | |
| २४. | व्यवसाय बन्द तथा नाम परिवर्तन | ५०० | ५०० | ५०० | |
| २५. | मदिरा व्यवसाय शिफारिस (खूद्रा) | ५००० | ५००० | ५००० | |
| २६. | मदिरा व्यवसाय शिफारिस (थोक) | १०००० | १०००० | १०००० | |
| २७. | वडा सरजमिन | १०० | १०० | १०० | |
| २८. | वडा सिफारिस | १०० | १०० | १०० | |
| २९. | होटल दर्ताको शिफारिस | १००० | १००० | १००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३०. | पटके शिफारिस | ३०० | ३०० | ३०० | |
| ३१. | माथि उल्लेखित शिर्षकमा नपरेका सिफारिसहरु | १५० | १५० | १५० | |
| ३२. | पहिलो कित्ता □ १ रोपनी | १०० | १०० | १०० | |
| ३३. | पहिलो कित्ता पछि थप प्रति रोपनी | २५ | २५ | २५ | |
| ३४. | टेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | २०० | २०० | २०० | |
| ३५. | टेस नक्सा प्रमाणित ⁄ प्रति कित्ता | १०० | १०० | १०० | |
| ३६. | उजूरी निवेदन दस्तूर | १०० | १०० | १०० | |
| ३७. | मिलापत्र दस्तुर | १००० | १००० | १००० | |
| ३८. | जग्गा दर्ता वा नामसारी शिफारिस प्रति रोपनी | २५ | १०० | १०० | |
| ३९. | राजिनामा, बकसपत्र शिफारिस | ५०० | ५०० | ५०० | |
| ४०. | घरबाटो शिफारिस एक कित्ता | २०० | २०० | २०० | |
| ४१. | घरबाटो शिफारिस थप प्रति कित्ता | १०० | १०० | १०० | |
| ४२. | अमिन खटन दस्तुर | २०० (प्रति कित्ता) | २०० (प्रति कित्ता) | १५०० | |
| ४३. | घर नक्सा नामसारी | ५०० | ५०० | ५०० | |
| ४४. | घर जग्गा मूल्याकन एक लाख सम्मको | ५०० | ५०० | ५०० | |
| ४५. | थप प्रति लाखको | १०० | १०० | १०० | |
| ४६. | नक्सापास फारम दस्तुर | ४०० | ५०० | ५०० | |
| ४७. | आय स्रोत प्रमाणित प्रति लाख | १५० | १५० | १५० | |
| ४८. | निजि विद्यालय अपग्रेड | ६०० | ६०० | ६०० | |
| ४९. | आधारभूत तह | १००० | १००० | १००० | |
| ५०. | माध्यमिक | १५०० | १५०० | १५०० | |
| ५१. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन बमोजिम | | | |
| ५२. | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन बमोजिम | | | |
| ५३. | चौपाय निकासी दस्तुर वार्षिक (भैसी, खसी, राँगा) | २५००० | २५००० | २५००० | सुचीकृत भएको हुनु पर्ने |
| ५४. | विभिन्न समुह, संघ, सस्था, क्लब, इन्सिच्युट आदि दर्ता शिफारिस | ५०० | ५०० | ५०० | |
| ५५. | कूटानी पिसानी मिल सिफारिश | १००० | १००० | १००० | |
| ५६. | कूटानी पिसानी मिल सिफारिश एबं बिक्री | १५०० | १५०० | १५०० | |
| ५७. | स:मिल काठचिरानी दर्ता | ४५०० | ४५०० | ४५०० | |
| ५८. | स:मिल काठचिरानी सिफारिश | १००० | १००० | १००० | |
| ५९. | डेरी उधोग दर्ता | ७५० | ७५० | ७५० | |
| ६०. | डेरी उधोग सिफारिश | १५० | १५० | १५० | |
| ६१. | व्यक्तिगत ब्यबसाय नबिकरण प्रति लाख | १०० | १०० | १०० | |
| ६२. | संस्था व्यवसाय नविकरण प्रति लाख | २०० | २०० | २०० | |
| ६३. | नाथर, जन्ममिति संशोधित सिफारिश | १०० | १०० | १०० | |
| ६४. | ब्यबसाय दर्ता रु.५००००० सम्म | ५०० | ५०० | ५०० | |
| ६५. | ब्यबसाय दर्ता रु.५००००० सम्म माथि | १००० | १००० | १००० | |
| ६६. | पिछडिएको क्षेत्र सिफारिश दस्तूर | १०० | १०० | १०० | |
| ६७. | खाता संचालन सिफारिश दस्तूर | ३०० | ३०० | ३०० | |
| ६८. | खाता बन्द सिफारिस दस्तूर | ५०० | ५०० | ५०० | |
| ६९. | वजेटका आधारमा अन्य कार्यालयको योजना सिफारिस ,सघ सस्था | प्रतियोजना ३०० | प्रतियोजना ३०० | प्रतियोजना ३०० | |
| ७०. | घर खाली गराउदा प्रति दिन प्रतिकोठा | ६५ | ६५ | ६५ | |
| ७१. | मृत्यु दर्ता ३५ दिन पछि | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन बमोजिम | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७२. | सामाजिक सुरक्षा भत्ता परिचयपत्र प्रतिलिपि | १०० | १०० | १०० | |
| ७३. | फर्निचर/काष्ट उद्योग सिफाइरिस | २०० | ५०० | ५०० | |
| ७४. | मुहान दर्ता दस्तुर | - | - | १५०० | |
| ७५. | मुहान दर्ता नविकरण | - | - | ५०० | |
| ७६. | नक्सा पास (भुइ तला) | - | - | ५ प्रति वर्ग फुट | |
| ७७. | नक्सा पास (माथिल्लो तला) | - | - | ३ प्रति वर्ग फुट | |
| ७८. | काठ निकासि सिफारिस | - | - | १०००० | |

**अनुसूची १३**

दफा १४ सँग सम्बन्धित

**पर्यटन प्रवेश शुल्क**

- प्रति पर्यटक एक पटकको लागी रु १००, सो को म्याद १५ दिनको लागी हुनेछ ।

**अनुसूची १४**

दफा १५ सँग सम्बन्धित

**कर छुट तथा जरिवाना सम्बन्धि व्यवस्था**

- व्यवसाय करको हकमा चालु आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा व्यवसाय नविकरण गरेमा कुल रकमको १०% छुट प्रदान गरिने छ। साथै मंसिर देखि व्यवसाय नविकरण गर्न आएमा कुल रकमको १०% विलम्ब शुल्क लाग्ने छ।
- सम्पति करको हकमा चालु आ.व.को पुष मसान्त सम्म कर दाखिला गर्न आएमा कुल रकमको ५% छुट प्रदान गरिने र माघ महिना देखि १०% विलम्ब शुल्क लाग्ने छ।
- व्यवसाय संचालन गरेको लामो समय भएको तर दर्ता नगरि संचालन गरेका व्यवसायको हक मा चालु आ.व.को असोज मसान्त सम्ममा दर्ता गरिसक्नु पर्ने छ । उक्त समयमा नगरेको खण्डमा २०% का दरले विलम्ब कर लाग्ने छ। त्यस पछि प्रति महिना ५% प्रतिशतका दरले थप विलम्ब कर लाग्ने छ ।

**अनुसूची १४**

दफा १५ सँग सम्बन्धित

**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**

**<u>अन्य राजश्व</u>**

- न्यायिक दण्ड जरिवाना – प्राप्त दण्ड शुल्कको १० %
- फर्म , कन्सलटेन्सि (सुचिकृत)- रु १०००
- गाउँपालिकाको सभा हल भाडा –रु ५०० प्रति दिन
- नदी तथा वगर जस्ता सार्वजनिक क्षेत्रवाट उत्पादन भइ निकासी हुने नदीजन्य पदार्थ प्रति टिप रु १०५०